पञ्ञा नरानं रतन

परियत्ति बुलेटीन PARIYATTI BULLETIN

# परियत्ति

PARIYATTI BULLETIN बुलेटीन

अंक-१० बु.सं. २५५५ वि.सं. २०६८ आषाढ ने.सं. ११३१ ई.सं. २०११

## बुद्ध शिक्षा : नेपाली गौरव

✍ भिक्षु निग्रोध, सचिव-ने.बौ.प.शि. परिषद

विश्व शान्तिका मुहान लुम्बिनीमा भगवान बुद्धको जन्म हुनु मानव मात्रका लागि चिरस्मरणीय तथा सुखकर विषय हो। नेपालको पवित्र उद्यानमा एक असाधारण अद्वितिय ऐतिहासिक व्यक्तित्वको प्रादुर्भावले नेपाल पवित्र पुण्यभूमिको रूपमा विश्व मानचित्रमा प्रसिद्धि पाएको छ। भगवान बुद्ध नेपाली हुनुमा हामी सबै गौरवान्वित छौं। वहाँ तथागत सम्यक सम्बुद्धले सम्बोधि प्राप्त गर्नु चिरप्रेरणादायी क्षण हो भने यसले गर्दा प्राणीजगतका लागि दुःख, भय, शोकबाट मुक्त हुने उपाय मार्ग प्रशस्त हुन गयो। वहाँको प्रथम धर्मचक्र प्रवर्तन शिक्षा श्रवण गर्न पाएका भाग्यमानी प्रथम पाँच शिष्यहरू पनि कपिलवस्तु देखि गएका नेपाली कुलपुत्रहरू नै थिए। बुद्धको धर्म देशनासँगै श्रमण परम्परामा प्रथमबार संघको स्थापना भयो। संघका सदस्यहरू पाँचै जना कपिलवस्तुकै भएको हुनाले भिक्षु संघको स्थापनामा नेपालीहरूकै गौरव रहन गएको देखिन्छ। यसै संघ परम्पराले २६०० वर्ष पुग्दा सम्म पनि बुद्धका मौलिक उपदेशहरूलाई पालि त्रिपिटकमा संग्रह गर्दै रक्षा गर्दै आएको छ।



२१ औं शताब्दीको आधुनिक, वैज्ञानिक तथा प्रविधिक युगमा पनि बुद्धका शिक्षाहरू विश्वका कुना काप्चामा स्वतःस्फूर्त रूपमा द्रुत गतिमा प्रचार प्रसार भैइरहेको छ। बुद्ध शिक्षामा कुनै पनि प्रकारको गोपनीयता, षड्यन्त्र, प्रलोभन, जोरजुलुम, कट्टरता नभएको हुनाले, वास्तवमा यो शान्ति सुखदायक, विज्ञानसम्मत, व्यवहारिक, सत्यदर्शन तथा दुःखबाट मुक्त गर्ने शिक्षा भएको हुनाले सबैका निमित्त फलदायी सावित भएको छ। बुद्ध शासनको इतिहासलाई हेर्ने हो भने प्रथमबार श्रामणेर शिक्षा लिने बालक राहुल हुन। यसर्थ श्रामणेर परम्पराको सुरूवात पनि नेपालीबाट भएको मान्नुपर्दछ। श्रामणेर परम्परा मात्रै नभई महिलाहरू प्रवजित हुने परम्परा पनि नेपालकै महिलाबाट सुरूवात भयो। कपिलवस्तुका महारानी महाप्रजापति

बाँकी पृष्ठ ४ मा

## परियत्ति प्रतिज्ञा

नेपाल बौद्ध परियत्ति शिक्षा अध्ययन गरी मैले भगवान् बुद्धको उपदेशहरू सिक्ने मौका पाएँ। यसको लागि अखिल नेपाल भिक्षु महासंघप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। नेपाल बौद्ध परियत्ति शिक्षाबाट प्राप्त ज्ञानलाई मैले आफ्नो मन, वचन र कर्मले पालन गर्नेछु। मैले यो ज्ञान मेरो परिवार र समुदायलाई पनि सिकाउनेछु। यसरी नै परियत्ति शिक्षाको विद्यार्थी भएको नाताले बुद्धधर्मको विकास र संरक्षणमा सदा संलग्न भई सक्दो योगदान दिने कार्यमा निरन्तर लाग्नेछु।



CamScanner

नेपाल बौद्ध परियत्ति शिक्षा

निर्देशक
**भिक्षु ज्ञानपूर्णिक महास्थविर**
सह शिक्षाध्यक्ष, ने.बौ.प.शिक्षा

सल्लाहकार
**भिक्षु धर्मगुप्त महास्थविर**
केन्द्रीय परिक्षा नियन्त्रक
**भिक्षु निग्रोध स्थविर**
सह केन्द्रीय परिक्षा नियन्त्रक

सम्पादन मण्डल
**भिक्षु जनक**
**त्रिरत्न मानन्धर**
**मन्दिप महर्जन**

कम्प्यूटर सेटिङ्ग
**दिपक महर्जन**

यस परियत्ति बुलेटीन प्रकाशनार्थ सहयोग गरिदिनु भई परियत्ति शिक्षाप्रति माया र सद्भाव राख्नुहुन विनम्र अनुरोध गर्दछौं ।

सम्पर्क सचिवालय
**विश्व शान्ति विहार**
मीनभवन, काठमाडौं
फोन/फ्याक्स. ४६२२२५०
P.O.Box : 8973 NPC 327
E-mail : vishwa@ntc.net.np
www.nepalpariyatti.com

# प्रतिपत्ति र प्रतिवेधको लागि परियत्ति

परियत्ति, प्रतिपत्ति र प्रतिवेधलाई त्रिविध बुद्धशासनको रूपमा लिइन्छ । धर्मलाई अध्ययन र अध्यापन गर्नुलाई परियत्ति, तद्नुकुल आचरण गर्नुलाई प्रतिपत्ति र ध्यान भावनाको अभ्यासबाट चित्तलाई क्लेशबाट निर्मूलगरी सत्य साक्षात्कार गर्नुलाई प्रतिवेधको रूपमा लिईन्छ । यी तीनवटाको चरणवद्ध तथा सन्तुलित अभ्यासले नै धर्मलाई सही रूपमा चिन्न मद्धत गर्दछ र वास्तविक रूपमा धर्मबाट लाभान्वित हुन सकिन्छ । परियत्तिको महत्व प्रतिपत्तिको अभ्यासमा निर्भर हुन्छ भने प्रतिपत्तिको महत्व सत्य धर्मको प्रतिवेधनमा निर्भर रहेको हुन्छ । यसरी बुद्धको शिक्षालाई वास्तविक रूपमा साक्षात्कार गर्नको लागि परियत्तिको महत्व छ, त्योभन्दा प्रतिपत्तिको अभ्यास अधिक महत्वपूर्ण र यीनीहरू दुईमध्ये प्रतिवेधको अत्याधिक महत्व हुन्छ ।

बुद्धप्रति श्रद्धा राख्नेहरू साधारणत परियत्तिको चरणलाई सजिलै पूरा गरीरहेका हुन्छन् तर प्रतिपत्तिलाई आत्मसात गर्न वा अभ्यास गर्ने कममा विभिन्न अप्ठयारो महसूस गर्दछन् भने प्रतिवेधको चरणलाई पूरा गर्न त कठीन र एकादेशको कथाको रूपमा लिईरहेका हुन्छन् । प्रतिपत्ति र प्रतिवेधलाई कम महत्व दिएर बुद्धका शिष्य भनाउँदाहरू धेरैजसो परियत्तिमै रूमल्लिरहने र मनका क्लेशहरूलाई हटाएर मार्गफल प्राप्त गर्ने महान कार्यलाई आदर्शमा मात्र सीमित गरी ईच्छाधीन विषयको रूपमा लिईरहने पनि धेरै हुनसक्छन् । उचित मार्ग निर्देशनको अभावले यस्तै प्रवृत्तिमै अल्झेर आफूहरूलाई जीवन जगतको सत्यताबाट परिचित हुने महान अवसरबाट वञ्चित गरीरहेका हुन्छन् । उनीहरू यस कुरालाई बिर्सन पुग्छन कि परियत्तिको सौन्दर्य प्रतिपत्तिको अभ्यास र प्रतिवेधको साक्षात्कार गर्नुमा हुन्छ ।

अध्ययन अध्यापनको यस आधुनिक युगमा बुद्धशिक्षा पनि अध्ययनको विषयको रूपमा मात्र सीमित नरहून् भन्ने विषयमा बुद्धका अनुयायीहरू निरन्तर रूपमा सजग हुनु नितान्त आवश्यक हुन्छ । किनभने जिज्ञासुहरू र शिक्षाकामीहरू अध्ययनमा सहज रूपमा लागिपरेका हुन्छन् । तर अभ्यास गर्ने र स्वयंले साक्षात्कार गर्ने कार्यलाई जटिल विषयको रूपमा लिएर धर्मलाई गम्भिरतापूर्वक अभ्यास गर्ने काममा समय दिन हिच्किचाईरहेको र त्यस कार्यलाई जहिले पनि स्थगन गरिरहेको हुन्छ । जसको कारण धर्मको अन्तर्निहित भावबाट उनीहरू टाढिरहेका हुन्छन् ।

उनीहरूले धर्म अध्ययनको अर्थ उपाधिधारी बनेर अरूको अगाडि बिज्ञ वा पण्डित भनेर देखाउनु र लाभसत्कार प्राप्त गर्ने काममा मात्र उद्यत भई सत्य साक्षात्कार गरेर मनका क्लेशहरूलाई निर्मूल पार्नु र मार्गफल प्राप्त गर्ने मूल लक्ष्यलाई बिर्सन पुग्छन् । यसरी सैद्धान्तिक वा उधारो ज्ञानमा मात्र सीमित रहने व्यक्तिले आफ्नो जीवनलाई धर्मको वास्तविक लाभबाट वञ्चित गर्न पुग्छन् ।

परियत्ति एक साधन हो यो स्वयं साध्य होइन । यस कुरालाई परियत्ति अध्ययन गर्नेहरूले प्रत्येक क्षण याद गर्नुपर्ने विषय हो । परियत्तिको सैद्धान्तिक पक्षको अध्ययनमा मात्र लागिरहने र अभ्यास नगर्नेहरू बुद्ध देशनाको अन्तरनिहित भावको वास्तविक अर्थ थाहा नपाएर अहंकारी बन्ने, धर्मलाई अपव्याख्या गरी जिद्दी बन्न सक्ने धेरै सम्भावना हुन्छन् । यसले आफु स्वयंलाई त अनभिज्ञमा राख्ने नै भयो, धर्मको तथाकथित ज्ञाताको रूपमा उनीहरूले अरूहरूलाई पनि वास्तविक धर्मबाट विचलन गर्न सक्ने धेरै सम्भावना रहन्छ । त्यसकारण परियत्ति अध्ययनमा लाग्नेहरू अध्ययनलाई मात्र सर्वोपरी नठानी उचित मार्गनिर्देशनमा रहेर प्रतिपत्ति र प्रतिवेधको अभ्यासमा लाग्नु अत्यन्त महत्वपूर्ण हुन्छ । परियत्तिको अध्ययन गरेर प्रतिपत्ति र प्रतिवेधमा पनि लाग्नु अपरिहार्य कार्यको रूपमा लिने वातावरण बन्नु नितान्त आवश्यक छ ।

तसर्थ यसकुरालाई गम्भिरतापूर्वक लिनु आवश्यक छ कि परियत्ति अध्ययनको मूल उद्देश्य धर्मको बारेमा सैद्धन्तिक जानकारी हासिल गर्नको लागि मात्र कदापि नभईकन प्रतिपत्तिमा प्रेरित हुन र प्रतिवेधको चरणलाई पार गर्नु हो । बुद्धशासनलाई चिरस्थायी गर्न यी तीनैवटा विषयको अभ्यास आवश्यक हुन्छ । यस्तो बुझाईका साथ अघि बढ्नसके धर्मरसलाई पान गरी जीवनको महत्वपूर्ण लक्ष्य प्राप्त गर्न समर्थवान भएर धन्य बन्न पुग्छन । परियत्तिमा लाग्ने शिक्षक, विद्यार्थी तथा बुद्धप्रति श्रद्धाराख्ने जोसुकैले पनि यस कुरालाई प्रत्येक क्षण मनन गर्नु अपरिहार्य हुन जान्छ ।

•••

# 'बौद्ध परियत्ति शिक्षा – विश्वको लागि प्रकाश'

✍ प्राज्ञ रीना तुलाधर 'कोविद'

भगवान बुद्ध परिनिर्वाण भएको ४०० वर्ष पछि धर्म विनय (त्रिपिटक) लिपिवद्ध भएको हो । बु.सं. ४०४ मा लंकामा वट्टगामिनि नामको महाराजाको पालामा आलोक विहार नामको विहारमा रक्षित महास्थविरको नेतृत्वमा ५०० जना भिक्षुहरु बसेर चौथो संगायना भएको हो । यही बेला पहिलो पल्ट त्रिपिटक ताडपत्रमा लेखियो । संगायना भन्नाले बुद्ध शिक्षालाई व्यवस्थित रुपले संग्रह, सम्पादन र शुद्धिकरण गर्ने कार्य हो । बुद्ध शासनमा पहिलो संगायना बुद्ध परिनिर्वाण भएको तीन महिना पछि भारतको राजगृहमा भएको थियो । त्यसपछि दोस्रो भारतको मगधमा बुद्ध परिनिर्वाण भएको सय वर्ष पछि भएको थियो । तेस्रो बुद्ध परिनिर्वाण भएको ३०० वर्ष पछि (इ.पू. २४८) मा भारतको पाटलिपुत्रमा भएको थियो । चौथो श्रीलंकामा, पाँचौ सन् १८७१ मा बर्माको मिण्डोनमा र छैठौं सन् १९५४ मा बर्माको रंगूनमा भएको थियो । चौथो संगायनामा लिपिवद्ध भएको त्रिपिटक लिखित रुपमा प्रशस्त प्रकाशित भयो । आजको युगमा त्रिपिटक इलेक्ट्रोनिक मिडियाबाट पनि प्रशस्त प्रकाशित भई सकेको छ । भगवान बुद्धले देशना गर्नु भएको यी नै ८४,००० धर्म स्कन्ध जुन त्रिपिटक नामले संग्रहित भई राखेको छ । यसलाई नै परियत्ति सासन भनिएको हो । यसको अध्ययन गर्नु परियत्ति शिक्षा हो ।

परियत्ति शिक्षाको अध्ययनबाट भौतिक सुख, धनसम्पत्ति वा जागीरको अपेक्षा गरिदैन । परियत्ति शिक्षाको मूल उद्देश्य बुद्ध शिक्षा अध्ययन गर्नु, बुझ्नु, व्यवहारमा उतारेर आ-आफ्नो चरित्र शुद्ध गर्नु तथा अन्ततोगत्वा विश्वमा शान्ती कायम गर्नु हो । विश्वको आजको लोभ, द्वेष, काम क्रोधले अन्तरद्वन्द मच्चिएको अशान्त र असहज परिस्थितिमा परियत्ति शिक्षा अपरिहार्य भएको छ । आजको विश्वको कुना काप्चासम्म बुद्धको शान्ति सन्देश पुऱ्याउनु परेको छ ।

आजको युगमा संसार जति भौतिक प्रगतिमा अगाडी बढी रहेको छ, उति नै आध्यात्मिक उन्नतिबाट विमुख भइरहेको छ । बौद्ध परियत्ति शिक्षामा प्रारम्भिक तहमा एउटा पाठ पञ्चशील पालना गर्नुपर्ने शिक्षा हो । पञ्चशील पालनाबाट हुन सक्ने प्रभावतिर ध्यान दिऔं । प्राणी हिंसा नगर्ने शिक्षा पालन भएपछि हिंसा, आतंक युद्ध बन्द हुन सक्छ । परवस्तु चोरी नगर्ने शिक्षा पालन भएमा लुटपाट, भ्रष्टाचारहरु बन्द हुन सक्छ । व्यभिचार नगर्ने शिक्षा पालन गरिएमा यौन दुराचार, बलात्कार भनिने कुरा कुनै हुने छैन । झुठो कुरा नबोल्ने शिक्षा ग्रहण गरिएपछि छलकपट राजनैतिक षडयन्त्रहरु हटेर जान्छ । मद्यपदार्थ नखाने शील पालनबाट ड्रग्सबाट भएको समस्या हट्न सक्छ । परियत्ति शिक्षाको प्रारम्भिक तहमा दिइने यो सानो पाठले नै विश्वमा यति शान्ति हुने सम्भाव्यता छ भने बुद्धले सिकाएको ८४,००० धर्म स्कन्धको अध्ययन र अभ्यास भएमा विश्वको रूप कति बदलिंदो हो ।

बुद्ध शिक्षाको यस्तो महत्वलाई बुझी श्रीलंका, बर्मा, थाइलैण्ड, जापान, चीन, कम्बोडिया इत्यादि देशमा परियत्ति शिक्षाको सारतत्वलाई त्यहाँको आम शिक्षामा एकीकृत गर्दै लगेको छ । श्रीलंकामा स्कूल शिक्षामा बुद्ध धर्म अनिवार्य विषय बनाइएको छ । नेपालमा पनि बि.सं. २०२० सालमा शुरु भएको बौद्ध परियत्ति शिक्षा अखिल नेपाल भिक्षु महासंघको नेतृत्वमा अधिराज्यभर संचालित छ । आगामी २ वर्षमा यसको स्वर्ण जयन्ती मनाउने समय पनि आएको छ । वर्तमानमा नेपालभरि करिब ६५ वटा केन्द्रहरु मार्फत बौद्ध परियत्ति शिक्षाको अध्ययन, अध्यापन र परिक्षाहरु भईरहेको सुखद् विषय हो । तर यसको व्यापकता, प्रभावकारीता तिर प्रयास गर्दै जानु हाम्रो दायित्व भई आएको छ ।

स्कूल, कलेज, युनिभर्सिटीको शिक्षाबाट देशलाई डाक्टर, इन्जीनियर, वैज्ञानिक, शिक्षक, व्यापारी, वकील, आदि जस्तो मानव साधनको उत्पादन त हुन्छ । तर बौद्ध परियत्ति शिक्षाको नैतिक शिक्षाबाट राष्ट्रलाई एउटा सच्चा नागरिक दिन्छ अनि विश्वलाई एउटा सच्चा मानव दिन्छ । अतः आगामी स्वर्ण जयन्तीसम्ममा हामीले बौद्ध परियत्ति शिक्षालाई नेपालको स्कूल, कलेज, युनिभर्सिटीको पाठ्य विषयमा एकीकृत गर्ने तर्फ हाम्रो पहल हुनुपर्छ जुन कार्य पक्कै पनि चुनौतीपूर्ण छ, विशेष गरी देशको असहज, अनिश्चित परिस्थितिमा । तर *"सुत्तन्तेसु, असन्तेसु, पमुट्ठे विनयम्हि च, तमो भविस्सति लोके सुरियो अत्थङ्गते यथा"* अर्थात "सूत्र भएन भने फेरि विनय नष्ट भयो भने यो लोकमा त्यस प्रकारले अन्धकार हुन्छ जसरी सूर्य अस्ताउने बेला हुन्छ" भन्ने बुद्ध वचनलाई सम्झी आज बौद्ध समुदायका हामी समस्त श्रद्धालुजन, बुद्धिजीविवर्ग, दायकवर्ग, प्रव्रजितवर्ग, गृहस्थीवर्ग, एकजुट हुनु परेको छ । •••

**आफ्नो बालबालिकाहरुलाई बौद्ध परियत्ति शिक्षा पढ्न दिई नैतिकवान् र सच्चरित्रवान् बनाउन सहयोग पुऱ्याऔं ।**

## बुद्ध शिक्षा : नेपाली गौरव ......

गौतमीले सर्वप्रथम भिक्षुणी दीक्षा लिनु भई भिक्षुणी परम्परा स्थापित भयो । भगवान बुद्ध, पञ्चवर्गीय भिक्षु (संघ स्थापना), श्रामणेर राहुलको दीक्षा तथा प्रथम भिक्षुणी महाप्रजापति गौतमी सबै कपिलवस्तुवासी हुनु हामी नेपालीहरूका लागि महान संयोग तथा गौरवनीय विषय बनेको छ ।

बुद्ध, बुद्धधर्म, बौद्ध शिक्षा तथा संस्कृति आज नेपालको मात्र नभई संसारभरको एउटा प्रमुख धर्मदर्शनको रूपमा प्रतिस्थापित भैसकेको छ । सन् १९९९ मा संयुक्त राष्ट्रसंघले समेत अन्तर्राष्ट्रिय रूपमा बुद्ध पूर्णिमालाई सार्वजनिक पर्वको रूपमा बिदा घोषणा गर्नुले नेपालको गरिमा विश्वमा झल्केको देखिन्छ । बुद्धको श्रमण परम्परा अंगाली संघमा प्रवेश गरेका श्रमण प्रव्रजितहरू दशौं लाखको हाराहारीमा अहिले पनि जीवन्त रूपमा बुद्धको शिष्यको रूपमा जीवन अर्पण गरिरहेका छन् । हाम्रै छिमेकी महाचीनमा अनौपचारिक पछिल्लो तथ्यांक अनुसार ३३ करोड प्रत्यक्ष बौद्ध जनसंख्या भएको विवरण प्रकाशमा आएको छ । जुन तेजश्वी व्यक्तिसँग संसारले मनुष्यताबारे सिके, आज वहाँका शिक्षाहरू बुद्ध जन्मभूमिमा पर्याप्त मात्रामा उपलब्ध नहुनु हामी नेपालीहरूका लागि अपशोचको विषय बनेको छ । संसारमा जब जब अशान्ति, कलह, हत्याहिंसा र अराजकता व्याप्त भए तब तब बुद्ध शिक्षाले ती युद्धहरूलाई शान्त सुसभ्य पारेका थुप्रै घटनाहरू छन् । इस्वी पूर्व तेस्रो शताब्दिमा भारत वर्षमा कलिंग युद्ध भयो । सम्राट अशोकद्वारा साम्राज्य फैलाउने क्रममा रक्तपातपूर्ण युद्ध भयो, जसले गर्दा समाज भयावह र त्राहि त्राहि अवस्थामा पुग्यो, यस कठिन हत्या हिंसा मोडमा सम्राट अशोक बुद्ध शिक्षाबाट धर्माबोध भए । चण्डाशोक धर्माशोकमा परिणत भए ।

इस्वीको सातौं शताब्दिमा तिब्बतका राजा श्रोङ चङ गम्पोले बुद्ध धर्म अंगाले पछि त्यसताका व्याप्त रहेको अशान्त वातावरण शान्त र सुव्यवस्थित हुन पुग्यो । त्यस्तैगरी जापान पनि इस्वी ६०४ ताका असभ्य अशिष्ट तथा कुरितीले व्याप्त समाज थियो । तत्कालिन राजकुमार सोतुकुले बुद्ध धर्म अनुसार राज्य संचालन गर्दा जापानीहरूले तीव्र गतिमा समाजलाई विकास गर्दै लगे । मानव इतिहासमा इस्वी १३ औं शताब्दिका चीनका सम्राट कुब्लाई खाँको साम्राज्यलाई पनि महत्वपूर्ण कालको रूपमा लिइन्छ । साम्राज्य फैलाउने क्रममा रगतको खोला बगेको परिस्थितिमा महान सम्राट कुब्लाई खाँ बुद्ध धर्ममा दिक्षित भए पछि चीनमा पुनः सुख शान्ति छायो । यी विविध घटनाक्रमलाई मुल्यांकन गर्दा मानव समाजमा भयावह युद्ध सन्त्रास, शस्त्र होडबाजी तथा अशान्त संक्रमण परिस्थितिमा बुद्ध शिक्षाले सहज बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । दोस्रो विश्वयुद्धताका हिरोसिमा तथा नागासाकिमा एटम बम प्रहारसँगै मानव संहारको कहालीलाग्दो युद्ध भन्दा बुद्ध नै उत्तम मार्गको रूपमा जापानीहरूले विश्वमा शान्ति फैलिरहोस् भन्ने नारासँगै आफ्नो उर्जालाई विकासमा रूपान्तरण गरी देशलाई समुन्नत बनाए ।

बुद्ध, बुद्धधर्म, बौद्ध शिक्षा, संस्कृति कलाको प्रचार प्रसार एवं विकासमा अहिलेसम्म कुनै पनि रक्तपातपूर्ण हिंसायुद्ध भएको छैन । बरू भएका अशान्तहरूलाई शमण गर्ने महत्वपूर्ण कार्य बुद्ध शिक्षाले गरेको हुनाले बुद्ध शिक्षा व्यवहारिक, वैज्ञानिक एवं विभिन्न दृष्टिकोणले महत्वपूर्ण हुँदै आएको छ । हाम्रो देश पनि अहिले संक्रमणकाल अवस्थाबाट गुज्रिरहेको छ । नयाँ संविधान निर्माणमा जुटिरहेको यस अवस्थामा विधिको शासन सुशासन कायम गर्ने हो भने राज्य तहका प्रमुख पार्टी, नेता, कार्यकर्ता सबै निकायहरूले बुद्ध शिक्षालाई मनन गर्नुपर्ने आवश्यकता देखिन्छ । बुद्ध दर्शन अनुसार राज्य सञ्चालन गरेको खण्डमा देशले काँचुली फेरी समुन्नत विकसित राष्ट्र निर्माणमा टेवा पुऱ्याउने देखिन्छ । त्यसैले विहार, गुम्बा तथा संघमा मात्र सीमित नगरी राज्यतहबाट नै शिक्षा क्षेत्रको प्राथमिक विद्यालयदेखि लिएर विश्वविद्यालय तहसम्म बुद्ध शिक्षा (परियत्ति शिक्षा) लाई समावेश गर्नुपर्ने अति आवश्यक भैसकेको देखिन्छ । विश्वका प्रशिद्ध शिक्षण संस्थाहरूले बुद्ध शिक्षालाई प्राथमिकताकासाथ अंगिकार गरेको सन्दर्भमा हामी नेपालीहरू अझै पनि यस सवालमा कानमा तेल हाली बस्नु उचित देखिंदैन । तसर्थ युवापिढि भावीपुस्तावर्गलाई चरित्रवान, नैतिकवान तथा कर्मठ हुन, असल संस्कार दिन बुद्ध शिक्षा मार्फत अभिप्रेरित गर्नुपर्ने देखिन्छ । यसका लागि नेपाल बौद्ध परियत्ति शिक्षाले विहारकेन्द्रमा मात्र सीमित नराखी विद्यालय तहमा तथा उपत्यका बाहिर पनि प्रचार प्रसार गर्ने कार्य गर्दै आएको छ । अतः बुद्ध शिक्षाको प्रचार केवल पहेँलो वस्त्रधारी प्रव्रजितहरू तथा विहार संस्था मात्र नभई सम्पूर्ण नेपालीले नेपाली हुनुको गौरवको रूपमा बुद्ध शिक्षालाई अंगाल्नु अपरिहार्य देखिन्छ ।

नेपालमा थेरवाद बुद्धधर्मको पुनर्जागरणसँगै यसको मुख्य उपलब्धीको रूपमा रहेको, नेपाल बौद्ध परियत्ति शिक्षाको सञ्चालन तथा स्थापना भएको पचासौं वर्षमा पुग्न लागेको ऐतिहासिक क्षण हो । यहाँसम्म आइपुग्दा थुप्रै उतारचढावसँगै केही सन्तोषजनक उपलब्धी भएको देखिन्छ । कुनै सरकारी गैरसरकारी संस्थाको प्रत्यक्ष सहयोग एवं निश्चित स्रोत साधन तथा कोष बिना नै नेपाल बौद्ध परियत्ति शिक्षा स्थानीय सहयोग र आ-आफ्नै केन्द्रहरूको समर्पण लगाव र श्रद्धामा अगाडी बढिरहेको गौरवशाली शिक्षण संस्था हो । यस शिक्षालाई अबको नयाँ पिढिले नयाँ सोचका साथ राष्ट्रव्यापी रूपमा विस्तार गर्नुपर्ने आवश्यकता रहेको सबैले महशुस गरेका छन् । यसको निरन्तर विकासमा विगतका अग्रज भिक्षु, अनागारिकाहरूको देनलाई कदर गरी नेपालका हरेक विहार, बौद्ध संघसंस्था, सबै भिक्षु अनागारिकाहरू, बौद्ध विद्वानहरू, शुभेच्छुक दाताहरूले यसको निरन्तर विकास र समृद्धिको लागि कुनै न कुनै रूपमा योगदान दिन आवश्यक छ । यसका लागि पहिला आफू नमूना स्वरूप आ-आफ्नो विहार, घरपरिवार, संघसंस्थामा पठनपाठन अनिवार्य गर्दा यसको विकासमा थप उर्जा मिल्नेमा कुनै शंसय रहँदैन । महंगो वैदेशिक रोजगारमूलक शिक्षालाई मात्र प्रधानता नराखी अभिभावकवर्गले परियत्ति शिक्षाको महत्व र आकर्षण आफ्ना सन्ततीहरूलाई सानैदेखि यस नैतिक शिक्षालाई मानसपटलमा वीजारोपण गर्नु आवश्यक देखिन्छ । नेपाली परिवेशमा मौलाएको परियत्ति शिक्षालाई नै प्रधानतामा राखेर सम्बन्धित सम्पूर्ण बौद्ध समाजले यसलाई बुद्ध शिक्षाको प्रचारको मुख्य मार्गचित्रको रूपमा अनुशरण गर्नु सान्दर्भिक देखिन्छ ।

बुद्ध सम्बत् २५०७ मा श्रद्धेय संघनायक भिक्षु बुद्धघोष महास्थविरले स्थापना गर्नुभएको यस नेपाल बौद्ध परियत्ति शिक्षाले वहाँ संस्थापक आजीवन शिक्षाध्यक्षको व्यक्तित्व, कृतित्व तथा योगदानलाई स्मरण गरी स्वर्ण दिवसको सानिध्यमा नयाँ जोश जाँगरका साथ द्रुतगतिमा परियत्ति शिक्षालाई समयसापेक्ष विकसित गरी लानको लागि तपाई हामी सबैको साझा प्रयास र सहयोग अति नै आवश्यक रहेको छ । ♦♦♦

# Pariyatti at Malarani, Surkhet :
# A Sign of Awareness in Pariyatti Education, My Experience as an Observer.

Gautam Jyapu, Thecho

I was so exciting to visit Malarani, Khanikhola about 90 km far from Surkhet, headquarter of the Mid-Western Development Region as a Pariyatti Observer. With enthusiasm, I representing METTA Volunteers, caught bus for Surkhet on 01 Jan. 2011 at 5:15 pm from Gongabu Bus Park and arrived in Surkhet at 8:45 am on Friday after the whole night journey. Mr. Indra Rana Magar, General Secretary of Nepal Bauddha Magar Samaj, Central Committee received me from the Bus Stand. After lunch and meeting some local Magar social workers at hotel, Mr. Cham Bdr. Thapa Rakhal Magar (Chairman of Nepal Magar Bauddha Sewa Samaj, Surkhet), Indra Magar and I headed to Malarani, Surkhet at 2 pm. At Kot-khola, Malarani, Indra ji and Cham ji introduced me with Gagan Rakhal (superintendent of the centre), Kashiram Gaha Magar, Shyam Bdr. Pachabhaiya (Pariyatti teacher) and local Magars. It is the village with Magar majority. After sometimes discussion and rest, we visited Jana Gyana Bhandar Sec. School to see check out situation of the class room for exam. At night, we were so pleased with hospitality with local food like dhindo in Cham Bdr's ancestral home.

Early in the Saturday morning, we headed to school to conduct Board Exam. Due to the distance problem, some pupils came late so with consult with teachers and Pariyatti Board, the exam was resumed at 8:30 am where 18 pupils out of 21 took exam. Most of the pupils were from standard 4 to 6 in school. Gagan Rakhal sir introduced me with pupils. As a new centre, I instructed pupils to fill up front sheet of the exam paper as they were attempting Pariyatti Board Exam for first time. During exam, we offered hot noodles and tea to every pupil along with the teachers. In a pleasant moral environment, the exam was over at 11:30 am. As soon as the exam was finished, we snapped photo together for memory. During the whole exam time, local stake holders like Gagan sir, Shyam Bdr. Pachabhaiya and others observed the exam and maintained discipline.

Immediately after the exam, there started an awareness program entitled: "Interaction Program in Buddha Education and Social Behavior" organized by Nepal Magar Bauddha Sewa Samaj, Surkhet to aware Magar aborigines about their Buddhist identity in National census 2068 as a part of nation-wide awareness. Indra Rana Magar facilitated the program where around hundred mature locals along with some teachers of Jana Gyan Bhandar participated. Indra sir elaborated participants about Magar identity in Buddhism and value of typical moral social life-style of Magar ethnicity. I got a chance to elaborate/share the value of Pariyatti in life after 10 minutes of Anapana sati. Local Magars have been so keen to grow up their pupils in Buddhist culture so they were discussing to ordinate their children more than before in Buddhism as a novice/nun to track the locals to lead in noble path. I was so happy to see their future plan to cultivate happy life together.

Voluntarily I took coaching class in English to local SLC students as I found they were so poor in English 2 pm onwards till the late evening and on Sunday from 5 am till 8 am. I saw the pathetic condition of school pupils there. All the SLC pupils go to tuition in English, Science and Maths paying per subject Rs. 500. But their English was horrible as most of them can hardly write a correct sentence. After class to SLC pupils, I headed to Sallu Bajar, the junction to Jajarkot and returned back after lunch. The interesting thing, I saw is the ladder: a piece of log with steps carved. The locals walk with their loads easily and comfortably that I even feared to climb up and down. The roofs of the remote area people are still flattened with clay on the logs.



In the afternoon Cham sir picked me up. We visited Bulbule Tal on the way. It is amazing and my expectation came wrong as the lake is an artificial one which is so small and surrounded by the cemented wall and iron bars.

Early in the next morning, Cham sir and I went morning walk to Kankre Bihar. It is a marvelous Buddhist holy site popular all over Nepal. However, it requires well management to preserve the ruins since almost all the ruins are scattered and the shed made for preservation of the remains has just been a show-piece since there is no lock and bars are not well chained. The very sad thing I came to hear that the chairman of Trade Union, Surkhet had announced to build a high level Shikhar style Hindu temple over there in Kankre Bihar. Due to the high objection of Magar Samaj, Surkhet it was stopped. The cemented and pillared base on the Kankre Bihar is the live example everybody can see even today. According to Cham sir, the Japanese archaeological team dug up the temple. The shameless act of the so called reputed men require common sense and respect over others' culture as the research and archaeological relics have proved that it is the Budhhist temple and Kankre Bihar is one of the most dominant identities of Surkhet. Besides, the local government bodies must pay their attention to preserve and renovate the bihara to grow harmony and attract tourists. Likewise, local concerned bodies and Buddhist organizations should pay their interest to shake hands together to preserve, develop and flourish such sites all over Nepal.

On the way to Cham sir's home, we walked through the mustard paddy from Kankre Bihara. Meeting people from Talim VDC, Jumla grazing cattle in Surkhet was a wonderful experience. Likely visit to Tharu village was another interesting part. During our visit, local Tharu youths were dividing the wedding invitation stuff which contains even number pieces of betel nuts (supari) and cloves (Lwang) along with the name of the head invitee of the family wrapped in a sheet of paper. The interesting fact is that the messengers go in pair too to invite relatives from the nearby and far villages of Tharu communities. The typical Tharu village is the good sight to see.


I chose Surkhet to enjoy the new experience in Pariyatti Observation and entertain in benevolence along with getting knowledge of the local people and places. It is a very interesting task but difficult since we have to spend days, money and time with outer community from luxurious Kathmandu life. I am indebted to Nepal Bauddha Pariyatti Shiksha to award me a chance to observe Board Exams since 2007 AD. I am so grateful to Indra Rana Magar for his coordination in Surkhet. He said to grow up Pariyatti centre in next village in Surkhet next year. Well wishes for his dedication. Cham sir is an inspiration to me. In spite of his old age, he guided me to Bulbule Tal, Kankre Bihar and lodging and fooding in his house with family behavior. His token of love reflecting the popular sites of Surkhet always reminds me the great hospitality offered by the local Magar brothers: Shyam Bdr., Kashiram, Gagan Sir and sister Anu in Malarani in Surkhet. The local Magar speed in awareness is so praiseworthy even it was their first Pariyatti Board Exam attempt despite a lot of crises: information and inexperience, texts, manpower, etc. I salute the initiators.


It is a bitter truth I must mention that shortage of finance, texts, timely information, publicity and management is the headache of Nepal Bauddha Pariyatti Shiksha. That is why, it is still believed Pariyatti Education is centralized in Kathmandu Valley since required information and equipments are not in the far areas like Surkhet, Malarani, Wamitaksar, Ridhi, etc. For smooth development of Buddha Education, target must be school pupils since they can catch and implement in the future. For every pupil's accessibility in moral knowledge, stake holders like Pariyatti Board, Nepal Bhikshu Mahasangh and Buddhist organizations must manage manpower and resources effectively. Besides, each and every Nepali has to be responsible to contribute as they can to live a noble life flourishing noble knowledge propounded by Buddha born in Lumbini. For overall performance, Nepal Pariyatti Board has to coordinate more effectively in national and international levels as soon as possible. •••





CamScanner

# बु.सं. २५५४ को परीक्षा परिणामका सचित्र तथ्यांकहरू






'सब्ब दानं धम्म दानं जिनाति'

## साधुवाद ज्ञापन



दिवंगत पिता कुलरत्न तुलाधर र माता चिनीमाया तुलाधरको पुण्यस्मृतिमा उहाँहरुको निर्वाण कामनार्थ चित्राशोभा तुलाधर, सपरिवार, तीनधारा, कुलरत्न मार्गबाट यस अंक प्रकाशन गर्नको लागि प्रायोजन गरिदिनु भएको हो । उहाँहरुलाई नेपाल बौद्ध परियत्ति शिक्षा साधुवाद ब्यक्त गर्दछ ।

## बु.सं. २५५४ (वि.सं.२०६७ साल) माघमा परियत्ति परीक्षा संचालनार्थ विभिन्न केन्द्रका लागि सुपरिवेक्षकहरु

| क.स | केन्द्रको नाम | सुपरिवेक्षकहरूको नाम |
|---|---|---|
| १ | शाक्यसिंह विहार, थैना | अमोघ वीर बज्राचार्य/दिपक राज शाक्य |
| २ | धर्मकीर्ति विहार, नघल | सुजन शाक्य |
| ३ | यशोधरा बौद्ध प. केन्द्र, थैना | हेरा रत्न शाक्य/शुक्रराज/आशारत्न/ |
| ४ | न. म. श्रीकीर्ति विहार, कीर्तिपुर | गंगाराम महर्जन |
| ५ | प्रणिधिपूर्ण महाविहार , बलम्बु | मदन बहादुर तुलाधर |
| ६ | ज्योति विहार, चापागाउँ | शान्त गोविन्द महर्जन |
| ७ | दीपंकर परियत्ति शिक्षालय, नागबहाल | धर्म रत्न शाक्य |
| ८ | मुनि बिहार, भक्तपुर | रत्न सुन्दर शाक्य |
| ९ | जितापुर गन्धकुटी विहार, खोकना | अ. श्रद्धावती |
| १० | परोपकार मा.वि., भीमसेनस्थान | कृष्णमान शाक्य |
| ११ | अमरापुर विहार, बुंगमती | तेज नारायण मानन्धर |
| १२ | विश्व शान्ति विहार, मीनभवन | अ. आणवती |
| १३ | सिद्धिमंगल विहार, ठसि | भिक्षु पुण्ण |
| १४ | वेलुवनाराम विहार, थेचो | बाबुरत्न नापित |
| १५ | बौद्ध जन विहार, सुनाकोठी | सानु महर्जन |
| १६ | अमृत बौद्ध प. शिक्षालय, स्वयम्भू | सुजाता मानन्धर |
| १७ | लुम्बिनी परियत्ति केन्द, लुम्बिनी | अ. खमेसी |
| १८ | जगत सुन्दर ब्वनेकुथी, चागः | जुनु वासुकला |
| १९ | बोधिचर्या विहार, बनेपा | मिम शाक्य |
| २० | सुवर्ण छत्रपुर विहार, लुभु | अ. ध्यानवती |
| २१ | ज्ञानज्योति परियत्ति केन्द्र, ठमेल | अ. सुवण्णवती/अ. क्षान्तिवती |
| २२ | सुलक्षणकीर्ति विहार, चोभार | हरिगोपाल महर्जन |
| २३ | रानीपानी परियत्ति केन्द्र, काभ्रे | प्रल्हाद प्रसाद तिमिल्सिना |
| २४ | यशोधरा बौद्ध विहार, झापा | सतिश शाक्य/शैलेन्द्र शाक्य/सुनिल महर्जन |
| २५ | बुद्धभूमि बौद्ध प. केन्द्र, टोखा | भिक्षु सद्धातिस्स |
| २६ | नगदेश बुद्ध विहार, नगदेश | कृष्ण कुमार प्रजापति |
| २७ | आनन्दकुटी विद्यापीठ,स्वयम्भू | सरोज मानन्धर |
| २८ | अन्तर्राष्ट्रिय बुद्ध प.उ. विहार, बुटवल | विमल बहादुर शाक्य |
| २९ | धर्मशीला बुद्ध विहार, पोखरा | भिक्षु आचारो/भिक्षु शान्तमैत्री |
| ३० | आनन्द विहार,तानसेन, पाल्पा | रत्न मान बज्राचार्य |
| ३१ | माझखण्ड बुद्ध विहार, माझखण्ड | चन्द बहादुर तामाङ्ग |
| ३२ | आनन्दभुवन विहार , स्वयम्भू | विणा कंसाकार |
| ३३ | शान्तिश्री बुद्ध विहार,वामी टक्सार,गुल्मी | देवेन्द्रमान शाक्य |
| ३४ | सुगन्ध विहार, रिडी, गुल्मी | सर्जुलाल बज्राचार्य |
| ३५ | धर्मकीर्ति बसुन्धरा प.के.,बसुन्धरा | अ. कुसुम |
| ३६ | श्री सम्यक् शिक्षा प्रा. वि.,धरान | अनुप शाक्य/रूपेन्द्र शाक्य |
| ३७ | बौद्ध शान्ति परियत्ति केन्द. बुलु | अनिता महर्जन |
| ३८ | मातातीर्थ बौद्ध प. शिक्षा,मातातीर्थ | भिक्षु कुशल |
| ३९ | धापाखेल प.शिक्षा सदन,धापाखेल | नन्द माया माली |
| ४० | पुण्य उदय विहार, हरिसिद्धि | अनिता डंगोल/हिसिला महर्जन |
| ४१ | पाटी विहार प. केन्द्र, म. ठिमी | अ. नन्दावती |
| ४२ | मेत्ता प. शिक्षा केन्द्र, लुम्बिनी | नरेन्द्र शाक्य |
| ४३ | क्लार्क मेमोरियल हिमालय प.के., बुंगमती | ओभासो शाक्य/अमृत शाही |
| ४४ | ज्ञानकीर्ति वि. प. केन्द्र, नयाँबजार | अ. वण्णवती |
| ४५ | सिद्धार्थ प. शिक्षा केन्द्र, सुर्खेत | गौतम महर्जन |




CS CamScanner

# “परियत्तिको कुनै कुनै क्षेत्र अझैपनि पुरानै ढंगले संचालन भइरहेको छ”

**अन्तर्वार्ता**

**यस शैक्षिक सत्र बु.सं. २५५४ को परियत्ति सद्धम्म कोविद उपाधि परीक्षामा सर्वोत्कृष्ट हुन सफल भएकी अनागारिका प्रीतिवती । हाल वहाँ त्रिभुवन विश्वविद्यालयमा बुद्धशिक्षा लिएर स्नातकोत्तरमा अध्ययनरत हुनुहुन्छ । वहाँसंग भिक्षु जनकले गर्नुभएको संवादको केही अंश ।**



अ. प्रीतिवती
सर्वोत्कृष्ट कोविद बोर्ड प्रथम

**१. परियत्ति सद्धम्म कोविदमा बोर्ड प्रथम हुन भएकोमा तपाईलाई कस्तो लागेको छ ?**

सर्वप्रथम परियत्ति सद्धम्म कोविदमा बोर्ड प्रथम हुनु भनेको सफलताको कुरा हो । आत्मसन्तुष्टिको कुरा हो । बोर्ड प्रथम हुनु भनेको सजिलो भन्न त मिल्दैन । विद्यार्थीको नाताले खुशी हुनु भनेको आफ्नो ठाउँमा छ तर त्यो भन्दा पनि बढी बुद्धको शिक्षा केहि अंश भएपनि मैले पढ्न पाएकोमा त्यसमा म धेरै गौरव ठान्दछु । हुन त म यतिमा नै सन्तुष्ट छैन, अझ पुगेको छैन । परियत्ति पढे अनुरुप मैले बुझेको बुद्ध शिक्षाको एक चौथाइ पनि पढ्न पुगेको होला भन्न मिल्दैन जस्तो लाग्छ । तर यो भन्दा पनि बढी ज्ञान सिक्न पाए झन् म गौरव ठान्दछु ।

**२. तपाईको सफलताको कारणहरू के के हुन् ?**

एक्लै भनेको कुनै पनि काम पूर्ण हुन सक्दैन । विद्यार्थीलाई सफलता प्राप्त गर्न आमाबाबु, गुरु र असल साथीको संगत चाहिन्छ । मेरो जीवनको सौभाग्य भनु मलाई यी तीनैवटा जुधेको छ । म गुरुमाँ हुनु अघि घर नजिकै विहार भएकोले विहारमा गई बौद्ध परियत्ति अध्ययन गर्न मौका पाँए । ध्यान बस्न जान पाएँ जसको फलस्वरुप म प्रव्रजित हुन पाएँ । कुसुम गुरुमाँको प्रेरणा र प्रोत्साहन नै सबैभन्दा ठूलो कारण हो । पूजनीय धम्मावती गुरुमाँको प्रेरणाले बौद्ध परियत्ति शिक्षा अध्ययन गर्नमा झन गाढा श्रद्धा बढ्यो । साथै परियत्ति पढ्ने मेरो इच्छा, उत्सुकता भन्ते, गुरुमाँहरुको सहयोग र बौद्ध शिक्षा प्रति मेरो श्रद्धा नै सफलताको कारणको रुपमा लिन सकिन्छ ।

**३. बौद्ध परियत्ति शिक्षाले तपाईको भविष्यमा विकास निर्माणमा कस्तो भूमिका खेलेको छ जस्तो लाग्दछ ?**

म विहारमा आएदेखि परियत्ति पढ्न थालेकी हुँ । गुरुमाँले परियत्ति पढाउँदा मलाई रमाइलो लाग्थ्यो र जीवन उपयोगी लाग्थ्यो । यो शिक्षा पढेर मैले जतिपनि बुझेकी छु, त्यसले त ममा आएको परिवर्तन मैले नै अनुभव गरेकी छु ।

Earning and Learning never end भने अनुसार जिन्दगीमा कहिले पनि पढाई सकिंदैन । तर यति पढेर भविष्यमा साहित्यिक रचनात्मक कार्यहरु गर्दै अगाडी बढ्नको लागि ठूलो पूर्वाधार प्राप्त भएको छ । त्यसैले भविष्यमा परियत्ति शिक्षाको जग लिएर अझ अध्ययन गर्न र वर्तमान समयमा मेरो सामु भैरहेको यो सुवर्ण मौकालाई सदुपयोग गरी सकेसम्म बुद्ध शिक्षा अरुलाई बाँड्ने लक्ष्य राखेकी छु ।

**४. परियत्ति शिक्षा र अन्य सरकारी शिक्षामा के भिन्नता पाउनु भएको छ ?**

अन्य सरकारी शिक्षा र परियत्ति शिक्षा त फरक छ नै । परियत्ति शिक्षाले आफूले आफैलाई चिन्ने, असल व्यक्ति बनाउने ज्ञान दिन्छ भने सरकारी शिक्षाले योग्यता बढाउन, राम्रो जागिर पाउन, हातमुख जोड्न, घरजग्गा, जहान, परिवार पाल्न मद्दत गर्छ । सरकारी शिक्षाले भौतिक सुखलाई पछ्याउँदै गइरहेको हुन्छ । तर कहिले पनि पूर्णरुपले सन्तुष्ट हुन सक्दैनन् । बौद्ध शिक्षा त्यस्तो शिक्षा हो जुन शिक्षाले मानिसहरुको भौतिक साधनको तृष्णा/प्रलोभनलाई हटाई दिन्छ । यसले आध्यात्मिक सुखलाई बढी ध्यानाकर्षण गराउँछ । जबसम्म मानिसहरुमा आध्यात्मिक सुख हुँदैन तबसम्म जति भौतिक सुख भएपनि सुखमय जीवन बिताउन सक्दैन ।

**५. परियत्ति शिक्षालाई सरकारी शिक्षा मान्यता प्राप्त गर्न बौद्धहरुको आवाज कम भएको जस्तो तपाईलाई लाग्दैन ?**

हुन त सरकारी शिक्षामा परियत्ति शिक्षा त्यति सुचारु रुपले चलेको छैन । धर्म निरपेक्षक राष्ट्र घोषणा भए अनुसार शिक्षाको क्षेत्रमा पनि यसबाट सकारात्मक परिणाम पाउन सकिरहेको छैन । यसका लागि पहल गर्नु नितान्त आवश्यक भएको छ । अरु निकायहरु आफ्नो शिक्षालाई सरकारी तहको शिक्षासँग गाँसेर अगाडी बढीरहेको छ । हामी पनि बौद्ध शिक्षा, सरकारी शिक्षासँग गाँसेर अगाडि बढाउनको लागि हाम्रो कदम चलाउन जरुरी छ । सबै बौद्धहरु एकजुट भएर अघि बढ्न सके यसले सकारात्मक प्रतिफल ल्याउन सक्छ ।

लुम्बिनी विश्व विद्यालयको कुरा पनि धेरै चर्चामा आइरहेको छ । अहिले देखि नै सम्बन्धित बौद्ध निकायहरु यस कुरामा एकजुट भएर चासो राख्न सके हाम्रो आवाजको परिणाम सकरात्मक हुने हो कि !

**६. तपाईले यस परियत्ति शिक्षामा के कस्तो कमजोरी पाउनु भयो र कस्तो सुधार होस् र कसरी सुधार गर्न सकिन्छ जस्तो लाग्छ ?**

कुनै पनि कुराको राम्रो र नराम्रो पक्ष अवश्य हुन्छ । परियत्ति शिक्षामा संख्यात्मक वृद्धि भन्दा पनि गुणात्मक वृद्धिलाई बढी जोड दिनुपर्छ जस्तो लाग्छ । परियत्ति शिक्षाको स्वर्णजयन्ती मनाउन केही वर्ष मात्र बाँकी छ । तर परियत्तिको कुनै-कुनै क्षेत्र अझ पनि पुरानै ढंगले संचालन भैरहेको छ, जस्तै पाठ्यक्रम । हुन त कक्षा १, २, ३ को नयाँ पाठ्यक्रम आइसक्यो । त्यसरी नै माथिल्लो तहको पाठ्यक्रम पनि वर्तमान परिवेशमा सुहाउने गरी परिमार्जन गर्न आवश्यक छ । उच्चतहको किताबहरु नेपालभाषामा भएको र नेपालभाषा नजान्ने विद्यार्थीहरुलाई बुझ्ने मौका धेरै कम भएको कठिनाई भोग्नु परिरहेको छ । त्यसैले गुणात्मक वृद्धिको लागि पनि परियत्ति शिक्षा सबैले बुझ्ने गरी भए विद्यार्थीवर्गले पढ्न, बुझ्न पाए झन राम्रो हुने थियो । यसले गर्दा सबै जाति विशेषसम्म बौद्ध परियत्ति शिक्षाकोप्रचार प्रसार गर्नसके परियत्ति शिक्षाको भविष्य अझ उज्वल हुने महसुस गरेकी छु ।

**७. तपाईको कोविद पछिको भावी योजना ?**

बुद्ध शिक्षा हामीलाई अन्तिम लक्ष्य नपुगेसम्म चाहि नै रहन्छ । बुद्धले दिनुभएको ज्ञान हामीले प्राप्त गर्न सकेन भने आमाबुबा नभएको अनाथ जस्तै हुन्छौ । मैले भविष्यमा बुद्धको शिक्षा अझ बढी अध्ययन तथा अध्यापन गर्ने लक्ष्य राखेकी छु । त्यसैले कोविद भन्दा पनि माथि तह पढ्ने, अभिधम्म, पालि पढ्ने इच्छा राखेकी छु ।

♦♦♦



CS CamScanner

## परियत्ति शिक्षाका गतिविधिहरू

### बु.सं २५५३ वर्षको दीक्षान्त तथा पुरस्कार वितरण समारोह सम्पन्न

बु.स. २५५३ (वि.स २०६६) सालको ने.बौ.प.शिक्षाको परीक्षामा बोर्ड स्थान, परियत्ति सद्धम्म पालकका उत्तीर्ण तथा परियत्ति सद्धम्म कोविदका विद्यार्थीहरूलाई वि.स २०६७ जेठ २९ गते शनिबारको दिन भिक्षु बोधिसेन महास्थविरको सभापतित्व तथा मित्रराष्ट्र श्रीलंकाका महामहिम राजदूत H E Thosapala Hewange को प्रमुख आतिथ्यमा ने.बौ.प.शि.को सम्पर्क सचिवालय विश्व शान्ति विहार, मीनभवनमा सुसम्पन्न भएको थियो। अ.ने.भि.महासंघका अध्यक्ष निवर्तमान अध्यक्ष भिक्षु कुमार काश्यप महास्थविरज्यूले परियत्तिका सबै विद्यार्थीहरूलाई परियत्ति प्रतिज्ञा गर्न लगाउनु भएको थियो। उक्त कार्यक्रममा प्रमुख अतिथि म्यान्मारका महामहिम राजदूतज्यूले नेपालमा बुद्धधर्मको इतिहास र भगवान बुद्धको जन्मस्थल लुम्बिनीबारे प्रकाश पार्नुभयो साथै परियत्ति शिक्षाले विद्यार्थीको नैतिक आचरणमा सुधार हुने साथै परियत्तिका विद्यार्थीहरूलाई यस्तो कार्यक्रमले थप ऊर्जा भर्ने उहाँले आफ्नो मन्तव्यमा व्यक्त गर्नुभएको थियो।

### दीपंकर परियत्ति शिक्षालयमा पुरस्कार वितरण

वि.सं २०६७ साल जेठ २४ गते जेठ पूर्णिमाको दिन पुरस्कार वितरण कार्यक्रम सुसम्पन्न भएको थियो। उक्त कार्यक्रममा सभापतिको आसन ग्रहण श्रद्धेय भिक्षु भद्दिय महास्थविरले गर्नुभएको थियो भने केन्द्राध्यक्ष अमिता धाख्वाले स्वागत भाषण, प्रतिवेदन सति धाख्वाले दिएका थिइन्। उक्त कार्यक्रममा धन्यवाद ज्ञापन शिक्षालयका उपाध्यक्ष हेराकाजी शाक्यले दिएका थिए। सोही कार्यक्रममा प्रमुख अतिथि मोतिलाल शिल्पकारले परियत्तिमा उत्तीर्ण विद्यार्थीहरूलाई प्रेरणास्वरूप पुरस्कार प्रदान गरिएको थियो।

### ने. बौ. प. शि. को छैठौं वार्षिक सभा

वि.सं. २०६७ श्रावण २९ गते, शनिबारको दिन विश्व शान्ति विहार, मीनभवनमा ने. बौ. प. शिक्षाको छैठौं वार्षिक सभा सुसम्पन्न भयो। यस कार्यक्रम परियत्ति व्यवस्थापन समितिको सक्रियतामा र बौद्ध महिला संघ, नेपालले पनि स्वयंसेवकको सहयोग गरेका थिए। सो कार्यक्रममा सभापतिको आसन ग्रहण सह-शिक्षाध्यक्ष भिक्षु ज्ञानपूर्णिक महास्थविरले गर्नुभएको थियो। उक्त कार्यक्रममा ने. बौ. प. शिक्षा परिषद् अन्तर्गतका सबै उप-समितिले प्रगति विवरण तथा भावी कार्ययोजना पनि प्रतिवेदन पेश गरेका थिए। सो कार्यक्रममा नै पुस्तक दाताहरूलाई तथा सम्पादन सहयोग गर्नुहुनेलाई कदर प्रतिक पनि प्रदान गरिएको थियो। उक्त कार्यक्रममा सहभागीहरू माझ परियत्ति सम्बन्धी अन्तरक्रिया कार्यक्रम पनि भएको थियो।

### एक दिवसीय नेपाल बौद्ध परियत्ति शिक्षा कार्यशाला गोष्ठी

नेपाल बौद्ध परियत्ति परिषद्को आयोजना तथा श्रीकीर्ति बौद्ध केन्द्रको प्रायोजनमा वि.सं २०६७ पौष १० गते, शनिबारको दिन बौद्धजन विहार सुनाकोठीमा **एक दिवसीय नेपाल बौद्ध परियत्ति शिक्षा कार्यशाला गोष्ठी** सुसम्पन्न भएको थियो। उक्त गोष्ठीमा परियत्ति केन्द्रबाट केन्द्राध्यक्ष १ र संचालक समितिको तर्फबाट १ गरी जम्मा दुईजना अनिवार्य सहभागिताको लागि निमन्त्रणा गरिएको थियो। साथै उक्त गोष्ठीमा प्रत्येक केन्द्रबाट संक्षिप्त रूपमा आ-आफ्नो केन्द्रको परिस्थिति विवरण पनि प्रस्तुत गरिएको थियो। साथै केन्द्रहरूका समस्याहरू र अवसरहरूबारे पनि छलफल गरिएको थियो।

### ज्ञानकीर्ति विहारमा पुरस्कार वितरण

वि.सं २०६८ साल वैशाख २४ गते यस केन्द्रमा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा स्वागत मन्तव्य केन्द्रका केन्द्राध्यक्ष नानीमैया मानन्धरले दिएकी थिइन्। सो कार्यक्रममा प्रमुख अतिथिको रूपमा लुम्बिनी विश्वविद्यालयका रजिष्ट्रार खड्गमान श्रेष्ठको उपस्थिति थियो भने सभापतिको रूपमा उपसंघनायक भिक्षु अश्वघोष महास्थविर, त्यस्तै ने.बौ. प. शिक्षाका सह-शिक्षाध्यक्ष भिक्षु ज्ञानपूर्णिक महास्थविर, भिक्षु कोण्डन्यको पनि उपस्थिति थियो। उक्त कार्यक्रममा परियत्तिका १६ विद्यार्थीहरूलाई पुरस्कार वितरण गरिएको थियो।

### डी.ए.भी. स्कूलमा दुई दिवसीय देवनागरी जागरण सम्मेलन कार्यक्रम सम्पन्न

वि.सं २०६८ साल जेठ ४ र ५ गते दुई दिवसीय देवनागरी जागरण सम्मेलन कार्यक्रम सुसम्पन्न भयो। उक्त कार्यक्रममा विविध हिन्दी, संस्कृत, नेपाली र साथै पालि कार्यक्रमहरू संम्पन्न भएका थिए। जसमा ने.बौ. प. शिक्षाकाबाट बृहत् पालि प्रतियोगिता कार्यक्रम भएको थियो। जसमा पालिमा पालि नृत्य, श्रुतपुच्छक, धम्मपद मंगल सूत्र वाचन कार्यक्रम सम्पन्न भएको थियो। उक्त राष्ट्रिय स्तरको कार्यक्रम सुसम्पन्न गर्न भिक्षु निग्रोधको संयोजकत्वमा तथा भिक्षु पञ्ञारत्न, भिक्षु पियदस्सी, रीना तुलाधर, अ. अग्गञाणी र मन्दिप महर्जनको पनि सक्रिय सहयोग थियो। उक्त कार्यक्रममा प्रमुख अतिथिका रूपमा भारतिय राजदूतावासका प्रथम सचिव अपूर्वा श्रीवास्तव, अतिथिका रूपमा भिक्षु ज्ञानपूर्णिक सह-शिक्षाध्यक्ष र अन्य अतिथिहरूको पनि उपस्थिति रहेको थियो।

### सुलक्षणकीर्ति विहारमा पुरस्कार वितरण

वि.सं २०६८ साल जेठ १९ गतेका दिन सुलक्षणकीर्ति विहारमा पुरस्कार वितरण सुसम्पन्न भयो। उक्त कार्यक्रम भिक्षु अशोकको प्रमुख अतिथ्यमा र भिक्षु पियदस्सी विशेष आतिथ्यमा सुसम्पन्न भएको थियो। उक्त कार्यक्रममा भिक्षु अशोक, डा.अ. अनोजा र सुदर्शना मानन्धरले पुरस्कार वितरण गरेका थिए। केन्द्राध्यक्ष डा.अ. अनोजाले धन्यवाद ज्ञापन तथा भिक्षु अशोकले पुण्यानुमोदन गरी कार्यक्रम विसर्जन गर्नुभएको थियो।

### डी.ए.भी. स्कूलमा पुरस्कार वितरण

बु.सं २५५५ को अवसरमा जेठ १९ गते बिहीबारका दिन डी.ए.भी. स्कूल, जावलाखेलमा परियत्तिमा उत्कृष्ट विद्यार्थीहरूलाई प्रमाण-पत्र तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको थियो। थाइल्याण्डको महामहिम राजदूतको प्रमुख आतिथ्य र ने.बौ.प.शि.का सह-केन्द्रीय परीक्षा नियन्त्रक भिक्षु निग्रोधको विशेष आतिथ्यमा उक्त कार्यक्रम सुसम्पन्न भएको थियो। उक्त कार्यक्रममा ने.बौ.प. शिक्षा परिषद्का सदस्यहरू साथै बौद्ध महिला संघका सदस्यहरूको पनि उपस्थिति रहेको थियो।

### रानीपानी परियत्ति केन्द्रमा पुरस्कार वितरण

२५५५ औं बुद्ध जयन्तीको अवसरमा जेठ ३ गते मंगलबारका दिन रानीपानी परियत्ति केन्द्र, काभ्रेमा कक्षा १ देखि ८ सम्मका परियत्ति विद्यार्थीहरूलाई प्रमाण-पत्र तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्य क्रममा विश्व शान्ति विहारको तर्फबाट भिक्षु उदयभद्र र श्रामणेर विपुलसारो संलग्न हुनुभएको थियो। बृहत् पञ्चशील र्‍यालीको पनि आयोजना गरिएको थियो। उक्त कार्यक्रम पञ्चशील प्रार्थना, गीत, धार्मिक नाटक साथै विविध कार्यक्रमका साथ सम्पन्न भएको थियो।

### ३९ औं ललितपुर जिल्लाव्यापि बुद्ध र बुद्ध धर्म सम्बन्धी हाजिरीजवाफ प्रतियोगिता सम्पन्न

बु.सं २५५५ र दि. श्रद्धेय संघमहानायक प्रज्ञानन्द महास्थविर भन्तेको ११२ औं जन्मदिनको अवसरमा श्री शाक्यसिंह परियत्ति तथा प्रौढ शिक्षालय, थैनाको आयोजकत्वमा ३९ औं ललितपुर जिल्ला व्यापि बुद्ध र बुद्ध धर्म सम्बन्धी हाजिरीजवाफ प्रतियोगिता जेठ १४ गते देखि सुरु भई जेठ २१ गते सुसम्पन्न भयो।

२०६८ जेठ १४ गते श्रद्धेय ज्ञानपूर्णिक भन्तेको तर्फबाट दीप प्रज्वलन गरी शुरु भएको यस कार्यक्रम ललितपुरको जम्मा १९ वटा विभिन्न समूहले भाग लिएको थियो। जेठ १४, १५, १६ र १७ गतेका विजेता ४ समूहको बीच २१ गते फाइनल प्रतियोगिता भएको थियो। फाइनल प्रतियोगितामा पुगेका ४ वटा समूह मध्ये दीपंकर परियत्ति शिक्षालयले १९ अंक ल्याई प्रथम, सुधम्माराम विहारले ९ अंक ल्याई द्वितीय, भास्सरा परियत्ति केन्द्रले ८ अंक ल्याई तृतीय र जन विकास युवा समूहले ५ अंक ल्याई (सान्त्वना) चतुर्थ भएको थियो।

२०६८ जेठ २१ गते फाइनल प्रतियोगिताको दिन श्रद्धेय धम्मपाल भन्ते सभापति, मोतिलाल शिल्पकार प्रमुख अतिथि, पूर्व मन्त्री बुद्धिराज बज्राचार्य विशिष्ट अतिथि, बौद्ध हाजिरीजवाफ प्रतियोगिता मूल गुथिका अध्यक्ष शान्तमान शाक्य अतिथिको रूपमा थिए। श्रद्धेय धम्मपाल भन्तेको तर्फबाट शील प्रदानबाट शुरु भएको फाइनल प्रतियोगिता शिक्षालयका सचिव देवेन्द्र बज्राचार्यले प्रतियोगिताको प्रगति र आर्थिक प्रतिवेदन, शिक्षालयका द्वितीय उपाध्यक्ष सुश्री अमिता धाख्वाको तर्फबाट स्वागत भाषण, प्रमुख अतिथि मोतिलाल शिल्पकारको तर्फबाट मन्तव्य त्यस्तै नै सभापति श्रद्धेय धर्मपाल भन्तेको तर्फबाट धन्यवाद ज्ञापन र पुण्यानुमोदन गरी कार्यक्रम समापन भएको थियो। कार्यक्रममा निर्णायक मण्डलमा श्रद्धेय भिक्षु निग्रोध भन्ते, श्रद्धेय अ. अग्गञाणी, बौद्ध विद्वान् दुण्डबहादुर बज्राचार्य र सुश्री सविता धाख्वा थिए। कार्यक्रममा बौद्ध हाजिरी जवाफ प्रतियोगिता मूल गुठीको तर्फबाट लामो समयदेखि हाजिरी जवाफ प्रतियोगितामा विविध प्रकारले सहयोग गर्दै आउनुभएका सुश्री सविता धाख्वालाई अभिनन्दन गरिएको थियो भने यस कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न भएकोले यस कार्यक्रमका संयोजक देवेन्द्र बज्राचार्यलाई शिक्षालयका केन्द्राध्यक्ष श्रद्धेय धम्मपाल भन्तेले सम्मान गर्नुभएको थियो। त्यस्तै ४० औं ललितपुर जिल्ला व्यापि बुद्ध र बुद्ध धर्म सम्बन्धी हाजिरीजवाफ प्रतियोगिताको पालो ललितपुरको विश्व शान्ति पुस्तकालय, वालिपलले लिएको छ। •••

## बु. सं. २५५४ (वि.सं.२०६७) वर्षको ने.बौ.प.शि.को ४८ औं दीक्षान्त समारोहमा पदक, उपहार तथा नगद पुरस्कारको लागि सहयोग गरिदिनुहुने दाताहरुको नामावली

| क्र.सं. | विद्यार्थी | केन्द्र | कक्षा | श्रेणी | धर्मरत्न शाक्य र जुजुभाई तुलाधर | पदक दाता | जितबहादुर बज्राचार्य, पुल्चोक रु.६,६००/- | प्रज्ञानन्द स्मृति सिरपा रु.४,०००/- | विश्वधर तुलाधर रु.८,०००/- | भिक्षु बुद्धघोष परियत्ति पुरस्कार रु.३,५००/- | ओमप्रकाश रुङ्टा, बसुन्धरा रु.२,८००/- | अ.गुणीला स्मृति सिरपा (चैत्य) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अ. प्रीतिवती | धर्मकीर्ति विहार प. केन्द्र, श्रीघः | १० | बोर्ड प्रथम | कोविद स्वर्णपदक | आर.बी. बन्रा, प्युखा | १,०००/- | १०००/- | १,०००/- | | | कृष्णमान शाक्य |
| २ | पद्मा नकर्मी | धर्मकीर्ति विहार प. केन्द्र, श्रीघः | १० | द्वितीय श्रेणी | कोविद स्वर्णपदक | | | ५००/- | | | | |
| ३ | नविना महर्जन | सुवर्ण छत्रपुर विहार प. केन्द्र, लुभु | १० | द्वितीय श्रेणी | कोविद स्वर्णपदक | | | ५००/- | | | | |
| ४ | राजेश्वरी महर्जन | धर्मकीर्ति विहार प. केन्द्र, श्रीघः | १० | द्वितीय श्रेणी | कोविद स्वर्णपदक | | | ५००/- | | | | |
| ५ | अ. नन्दा | सुलक्षणकीर्ति विहार प. केन्द्र, चोभार | ७ | बोर्ड प्रथम | | अष्टरत्न/रत्नदेवी धास्वा, नागबहाल | ७००/- | ५००/- | १,०००/- | | | बुद्धदास शाक्य |
| ६ | अ. वण्णवती | धर्मकीर्ति विहार प. केन्द्र, श्रीघः | ७ | बोर्ड द्वितीय | | प्रेमलाल श्रेष्ठ, नयाँ बानेश्वर | ५००/- | ५००/- | | ५००/- | | |
| ७ | तिमिला महर्जन | पुण्य उदय विहार प. केन्द्र, हरिसिद्धि | ७ | बोर्ड तृतीय | | रुद्रबहादुर खड्गी | ३००/- | ५००/- | | | ४००/- | |
| ८ | भिक्षु बुद्धपियो | विश्व शान्ति विहार प. केन्द्र, मीनभवन | ६ | बोर्ड प्रथम | | मोतिलाल शिल्पकार, मानभवन | ६००/- | | १,०००/- | | | |
| ९ | अ. अरियाञाणी | श्री शाक्यसिंह परियत्ति तथा प्रौढ शिक्षालय | ६ | बोर्ड द्वितीय | | तोय ब. धास्वा | ४००/- | | | ५००/- | | दानमान शाक्य |
| १० | शंकर महर्जन | श्री शाक्यसिंह परियत्ति तथा प्रौढ शिक्षालय | ६ | बोर्ड तृतीय | | धनबहादुर नकर्मी, ढल्को | २००/- | | | | ४००/- | |
| ११ | प्रनेश शाक्य | श्री शाक्यसिंह परियत्ति तथा प्रौढ शिक्षालय | ५ | बोर्ड प्रथम | | पञ्चवीर सिंह, पुष्पादेवी तुलाधर | ५००/- | | १,०००/- | | | |
| १२ | अ. माकुषा | यशोधरा बौद्ध प. केन्द्र, थैना | ५ | बोर्ड द्वितीय | | पञ्चवीर सिंह, पुष्पादेवी तुलाधर | ३००/- | | | ५००/- | | |
| १३ | श्रा. भद्रको | विश्व शान्ति विहार प. केन्द्र, मीनभवन | ५ | बोर्ड तृतीय | | पञ्चवीरसिंह, पुष्पादेवी तुलाधर | २००/- | | | | ४००/- | |
| १४ | जयन्ती महर्जन | बौद्ध शान्ति प. केन्द्र, बुलु | ४ | बोर्ड प्रथम | | दुण्डबहादुर बज्राचार्य वनबहाल | ४००/- | | १,०००/- | | | |
| १५ | अन्जना महर्जन | श्री शाक्यसिंह परियत्ति तथा प्रौढ शिक्षालय | ४ | बोर्ड द्वितीय | | हेरादेवी शाक्य, बौद्ध | २००/- | | | ५००/- | | |
| १६ | रमिता महर्जन | बौद्ध शान्ति प. केन्द्र, बुलु | ४ | बोर्ड तृतीय | | बाबुकाजी शाक्य, लगनखेल | १००/- | | | | ४००/- | |
| १७ | अनिता मानन्धर | धर्मकीर्ति विहार प. केन्द्र, श्रीघः | ३ | बोर्ड प्रथम | | राहुल तुलाधर, गैह्रीधारा | ३००/- | | १,०००/- | | | |
| १८ | नमिता श्रेष्ठ | जितवन बौद्ध विहार प. केन्द्र, थानकोट | ३ | बोर्ड द्वितीय | | संघरत्न शाक्य, भक्तपुर | १००/- | | | ५००/- | | |
| १९ | सुनीता माली | वेलुवनाराम विहार प. केन्द्र, थेचो | ३ | बोर्ड तृतीय | | नियुतमानसिं, तुलाधर नक्साल | १००/- | | | | ४००/- | |
| २० | सबिता तुलाधर | अमरापुर विहार प. केन्द्र, बुंगमती | २ | बोर्ड प्रथम | | हेराकाजी शाक्य, ओकुबहाल | २००/- | | १,०००/- | | | |
| २१ | रमेश शाह | श्री सम्यक शिक्षा प्रा. वि., धरान | २ | बोर्ड द्वितीय | | पूर्ण ब. मानन्धर, चसान | १००/- | | | ५००/- | | |
| २२ | कविन्द रावल | सुलक्षणकीर्ति विहार प. केन्द्र, चोभार | २ | बोर्ड तृतीय | | विश्वधर तुलाधर, जनबहाल | १००/- | | | | ४००/- | |
| २३ | रुबिना महर्जन | सुवर्ण छत्रपुर विहार प. केन्द्र, लुभु | १ | बोर्ड प्रथम | | नानीशोभा शाक्य, ओकुबहाल | १००/- | | १,०००/- | | | |
| २४ | महेश शाक्य | मुनि विहार प. केन्द्र, भक्तपुर | १ | बोर्ड द्वितीय | | मैत्री शाक्य, प्रयागपोखरी | १००/- | | | ५००/- | | |
| २५ | मुना भट्टराई | श्री सम्यक शिक्षा प्रा. वि., धरान | १ | बोर्ड तृतीय | | मदनबहादुर तुलाधर | १००/- | | | | ४००/- | |



CS CamScanner

# बु.सं. २५५४ (वि.सं. २०६७) को परीक्षा परिणाम

| | केन्द्रको नाम | आवेदन दिने | परीक्षा दिने | बोर्ड | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी | जम्मा उत्तीर्ण |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री शाक्यसिंह परियत्ति तथा प्रौढ शि., थैना | ११८ | १०४ | ४ | ४९ | ३१ | १४ | ९८ |
| २ | धर्मकीर्ति विहार प. केन्द्र , श्रीघः | १०८ | ८७ | ३ | २८ | ३२ | १७ | ८० |
| ३ | य[illegible] बौद्ध प. केन्द्र, थैना | ३२ | २४ | १ | ५ | ६ | ६ | १८ |
| ४ | न. म. श्रीकीर्ति विहार, कीर्तिपुर | ६३ | ४१ | ० | १२ | १३ | १३ | ३८ |
| ५ | प्रणिधिपूर्ण महाविहार प. केन्द्र, बलम्बु | ४३ | ३३ | ० | १९ | ९ | ४ | ३२ |
| ६ | ज्योति विहार प. केन्द्र ,चापागाउँ | ३४ | २७ | ० | ११ | ९ | ६ | २६ |
| ७ | दीपंकर परियत्ति शिक्षालय, नागबहाल | ४६ | ३८ | ० | ७ | १६ | १२ | ३५ |
| ८ | मुनि विहार प. केन्द्र,भक्तपुर | ९२ | ४० | १ | २३ | ७ | ५ | ३६ |
| ९ | जितापुर गन्धकुटी विहार प. केन्द्र, खोकना | ३१ | २३ | ० | १२ | ९ | १ | २२ |
| १० | परोपकार उ. मा. वि., भीमसेनस्थान | ६२ | २३ | ० | ४ | ४ | १० | १८ |
| ११ | अमरापुर विहार प. केन्द्र बुंगमती | १९ | १९ | १ | ११ | ५ | ० | १७ |
| १२ | विश्व शान्ति विहार, मीनभवन | ६० | ५२ | २ | २० | १६ | १० | ४८ |
| १३ | सिद्धिमंगल विहार, थसि | ३८ | २७ | ० | १९ | ३ | १ | २३ |
| १४ | वेलुवनाराम विहार प. केन्द्र ,थेचो | ३३ | २६ | १ | १२ | १० | २ | २५ |
| १५ | बौद्ध जन विहार प. केन्द्र, सुनाकोठी | २४ | २० | ० | ११ | ६ | ० | १७ |
| १६ | अमृत बौद्ध प. शिक्षालय, स्वयम्भु | २१ | १३ | ० | ८ | ४ | ० | १२ |
| १७ | लुम्बिनी परियत्ति केन्द, लुम्बिनी | १५ | १४ | ० | ५ | ७ | १ | १३ |
| १८ | जगत सुन्दर ब्वनेकुथी,चागल | ६९ | ५६ | ० | ७ | २३ | २३ | ५३ |
| १९ | बोधिचर्या विहार प. केन्द्र बनेपा | २२ | २० | ० | ६ | ६ | ४ | १६ |
| २० | सुवर्ण छत्रपुर विहार प. केन्द्र, लुभु | ३९ | ३३ | १ | ८ | १३ | ७ | २९ |
| २१ | ज्ञानज्योति परियत्ति केन्द्र, ठमेल | ३५ | २९ | ० | १० | १२ | ३ | २५ |
| २२ | सुलक्षणकीर्ति विहार प. केन्द्र, चोभार | ४७ | २८ | २ | ११ | १२ | २ | २७ |
| २३ | रानीपानी परियत्ति केन्द्र, काभ्रे | १७ | १६ | ० | १ | ४ | ६ | ११ |
| २४ | यशोधरा बौद्ध विहार (गुम्बा), झापा | ४४ | ११ | ० | ३ | १ | ७ | ११ |
| २५ | बुद्धभूमि बौद्ध प. केन्द्र, टोखा | ३८ | २७ | ० | ४ | ११ | ११ | २६ |
| २६ | नगदेश बुद्ध विहार प. केन्द्र, नगदेश | १२ | ८ | ० | ७ | १ | ० | ८ |
| २७ | आनन्दकुटी विद्यापीठ,स्वयम्भु | ११ | १० | ० | ० | २ | ७ | ९ |
| २८ | अन्तर्राष्ट्रिय बुद्ध प. उ. विहार, बुटवल | ७२ | ५० | ० | १७ | २० | ६ | ४३ |
| २९ | धर्मशीला बुद्ध विहार प. केन्द्र, पोखरा | १५५ | १३४ | ० | ३३ | ४२ | ५० | १२५ |
| ३० | आनन्द विहार प. केन्द्र,तानसेन, पाल्पा | ४३ | ३३ | ० | १० | १० | ८ | २८ |
| ३१ | माझखण्ड बुद्ध विहार, माझखण्ड | ५७ | ४८ | ० | ४ | १८ | २२ | ४४ |
| ३२ | आनन्दभुवन विहार, स्वयम्भु | १४ | १२ | ० | २ | २ | १ | ५ |
| ३३ | शान्तिश्री बुद्ध विहार, वामी टक्सार, गुल्मी | १३ | १० | ० | १ | १ | ६ | ८ |
| ३४ | सुगन्ध विहार, रिडी, गुल्मी | २० | १९ | ० | ११ | ६ | १ | १८ |
| ३५ | धर्मकीर्ति बसुन्धरा प.केन्द्र, बसुन्धरा | २१ | २० | ० | १२ | ८ | ० | २० |
| ३६ | जितवन विहार प. के.,थानकोट | २७ | १९ | १ | ४ | ६ | ५ | १६ |
| ३७ | श्री सम्यक शिक्षा प्रा. वि.,धरान | ७७ | ५२ | २ | ३० | ४ | १२ | ४८ |
| ३८ | बौद्ध शान्ति परियत्ति केन्द ,वुल | २३ | १८ | २ | ९ | २ | ४ | १७ |
| ३९ | मातातीर्थ बौद्ध प. शिक्षा,मातातीर्थ | ४३ | ३६ | ० | १५ | १४ | ४ | ३३ |
| ४० | धापाखेल प. शिक्षा सदन,धापाखेल | ५६ | ४२ | ० | ८ | ११ | १३ | ३२ |
| ४१ | पुण्य उदय विहार प. केन्द्र  हरिसिद्धि | २८ | १९ | १ | ० | ४ | १३ | १७ |
| ४२ | पाटी विहार प. केन्द्र, मध्यपुर ठिमी | २५ | २१ | ० | ६ | १० | ५ | २१ |
| ४३ | मेत्ता प. शिक्षा केन्द्र, महिलवार, लुम्बिनी | ९२ | ८३ | ० | ५ | ९ | १३ | २७ |
| ४४ | क्लार्क मेमोरियल हिमालय प.केन्द्र, बुंगमती | ४३ | ३० | ० | १४ | ११ | ४ | २९ |
| ४५ | ज्ञानकीर्ति वि. प. केन्द्र, नयाँबजार | २३ | १८ | ० | ८ | ४ | ४ | १६ |
| ४६ | सिद्धार्थ प. शिक्षा केन्द्र, सुर्खेत | २१ | १८ | ० | ५ | ५ | ६ | १६ |
| | जम्मा | २०२६ | १५३१ | २२ | ५०७ | ४५९ | ३४९ | १३३६ |
| प्राइभेट | | | | | | | | |
| १ | डी. ए. भी. विद्यालय, जावलाखेल | ७८२ | ७६७ | ० | २३५ | १७० | १६९ | ५७४ |
| २ | स्वर्णिम शिक्षा सदन, भुरूङ्खेल चौर | ४३ | ४१ | ० | १८ | ८ | १५ | ४१ |
| ३ | श्री वालकुमारी मा. वि., प्रयागपोखरी | ५० | ५० | ० | १६ | २३ | ९ | ४८ |
| ४ | श्री जनता उ. मा. वि., उदयपुर | ६४ | ५७ | ० | ४ | १० | १० | २४ |
| ५ | आदर्श सरल मा. वि., नागवहाल | ३७ | ३७ | ० | २० | ५ | १२ | ३७ |
| ६ | आकृति वोर्डिङ्ग स्कुल, कोटेश्वर | ३५ | ३५ | ० | ६ | ७ | २२ | ३५ |
| ७ | मनि विहार प. केन्द्र, भक्तपुर | ५१ | ५१ | ० | ३२ | १३ | ३ | ४८ |
| ८ | भास्सरा मा. वि., पूर्णचण्डी | १११ | १११ | ० | ५४ | ३० | २७ | १११ |
| ९ | जयमंगल विहार प. केन्द्र, सुन्धारा | १८ | १८ | ० | १४ | २ | २ | १८ |
| १० | परोपकार उ. मा. वि., भिमसेनस्थान | १५ | १५ | ० | २ | ७ | ३ | १२ |
| ११ | यशोधरा बौद्ध मा. वि., थैना | ५९ | ५९ | ० | ५२ | ७ | ० | ५९ |
| १२ | चाँदनी मा. वि., शंखमुल | २१ | २१ | ० | १२ | ८ | १ | २१ |
| १३ | कान्ति ईश्वरी रा. ल. मा. वि., प्याफल | १५ | १५ | ० | ३ | ३ | ५ | ११ |
| | जम्मा | १३०१ | १२७७ | ० | ४६८ | २९३ | २७८ | ९३६ |
| | नियमित र प्राइभेट जम्मा | ३३२७ | २८०८ | २२ | ९७५ | ७५२ | ६२७ | २२७२ |

# अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित
# नेपाल बौद्ध परियत्ति शिक्षा
# परीक्षा तलिका बु.सं. २५५५
### समय बिहानको ७:३० – १०:३०

| कक्षा स्तर | पुष २३ गते शनिवार | पुष २५ गते सोमबार | पुष २७ गते बुधबार | पुष २९ गते शुक्रबार |
|---|---|---|---|---|
| १. प्रारम्भिक प्रथम वर्ष (१) | प्रथम पत्र | | | |
| २. प्रारम्भिक द्वितीय वर्ष (२) | प्रथम पत्र | द्वितीय पत्र | | |
| ३. प्रारम्भिक तृतीय वर्ष (३) | प्रथम पत्र | द्वितीय पत्र | | |
| ४. प्रवेश प्रथम वर्ष (४) | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | |
| ५. प्रवेश द्वितीय वर्ष (५) | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | |
| ६. प्रवेश तृतीय वर्ष (६) | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र |

| कक्षा स्तर | पुष ३० गते शनिबार | माघ ३ गते मंगलबार | माघ ६ गते शुक्रबार | माघ ९ गते सोमबार | माघ १२ गते विहीबार | माघ १५ गते आइतबार |
|---|---|---|---|---|---|---|
| उपाधि परीक्षा (७) | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | |
| कोविद प्रथम वर्ष (८) | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | षष्टम पत्र |
| कोविद मध्यम वर्ष (९) | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | षष्टम पत्र |
| कोविद अन्तिम वर्ष (१०) | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | षष्टम पत्र |

## परीक्षा सम्बन्धी अन्य जानकारीहरू

**परीक्षा प्रवेश शुल्क :**

क) प्रा. प्र. वर्ष (कक्षा १) देखि प्रवेश तृतीय वर्षसम्म प्रति पत्रको रू. २०/-
ख) सद्धम्मपालक उपाधि - कोविद अन्तिम वर्ष (कक्षा १०) सम्म प्रतिपत्रको रू. ३०/-, प्रति फारम रू. २/-

१. परीक्षाको आवेदन फाराम वितरण– वि. स. २०६८ कार्तिक १ गते मंगलबार
२. आवेदन फाराम बुझाई सक्नु पर्ने – वि. सं. २०६८ मंसीर १७ गते शनिवार
३. ढिलो दस्तुर सहित आवेदन फारम बुझाउने अन्तिम मिति – वि.सं. २०६८ पुष २ गते शनिबार
४. प्रवेश पत्र (अर्ध कट्टी) वितरण – वि. स. २०६८ पुष ८ गते शुक्रबार
५. परीक्षा नामावली र प्रवेश पत्रमा त्रुटी सच्याई सक्नुपर्ने – वि. सं. २०६८ पुष १७ गते आइतबार
६. परीक्षा परिणाम प्रकाशन – वि. सं.२०६८ चैत्र १ गते बुधबार सन्ध्या टाइम्स् दैनिकमा
७. दीक्षान्त समारोह – वि. सं. २०६८ चैत्र २५ गते शनिबार
८. परीक्षा माध्यम – नेपालभाषा, नेपाली र अंग्रेजी
९. मौखिक परीक्षा व्यवस्था – प्रारम्भिक तृतीय वर्ष (कक्षा ३) सम्म
१० सद्धम्मपालक उपाधि (कक्षा ७) देखि कोविद अन्तिम वर्ष (कक्षा १०) सम्म ऐच्छिक विषय - पालि भाषा/ अभिधर्म

**प्राइभेट परीक्षा सम्बन्धी जानकारी**

विशेष व्यवस्था भए अनुसार पूर्व स्वीकृति बमोजिम प. स. पा. को प्रारम्भिक प्रथम वर्ष र प्रारम्भिक द्वितीय वर्षको परीक्षा आ-आफ्नो केन्द्रमा परीक्षा लिने, अनि परीक्षा फल मात्र केन्द्रीय कार्यालयमा पठाउने गरी परीक्षा लिन सकिनेछ ।

ढिलो दस्तुर प्रति दिन रू. २ का दरले लिइनेछ । पुष २ गते भन्दा पछि आएको आवेदन कडाइका साथ कुनै पनि हालतमा स्वीकार्य हुनेछैन ।



CamScanner